नेपाली / *NEPALI*

Facilities Planning
& Management
UNIVERSITY OF WISCONSIN–MADISON

तेस्रो शिफ्टका *FP&M* कर्मचारीहरू,

तपाईंलाई थाहा हुन सक्छ, घरमा एन्टिजेन परीक्षण गर्ने किटहरू सबै *UW–Madison* कर्मचारीहरू र विद्यार्थीहरूलाई नि:शुल्क उपलब्ध छन्, जसमा हरेक व्यक्तिले हरेक हप्ता एउटा परीक्षण किट लिन पाउँदछन् ।

## यो परीक्षण किन प्रदान गरिएको छ

यो सेमेस्टर, *COVID-19* को *omicron* प्रजातिको प्रतिक्रियामा, *UW–Madison* ले विद्यार्थी र कर्मचारीहरूलाई नि: शुल्क अघिल्लो सेमेस्टरको तुलनामा धेरै प्रकारको र धेरै सङ्ख्यामा परीक्षणहरू प्रदान गर्दैछ ।

## एन्टिजेन परीक्षण लिने

एन्टिजेन परीक्षण किटहरू स्वीकृत *Wiscard* को साथ नि:शुल्क उपलब्ध छन् । सोमबार र शुक्रबार *Memorial Union* को क्याम्पस र सामुदायिक सूचना डेस्कमा र मंगलबारदेखि बिहीबारसम्म *Union South* क्याम्पस र सामुदायिक सूचना डेस्कमा बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म लिन जान सकिन्छ ।

**किनभने धेरैजसो तेस्रो शिफ्टका कर्मचारीहरू परीक्षण किट लिन जाने समयमा क्याम्पसमा हुँदैनन्, सुपरभाईजरहरूलाई अनुरोध गर्ने कर्मचारीहरूलाई परीक्षण किटहरू उपलब्ध हुँदा वितरण गराउन भनिएको छ ।**

परीक्षण किटहरू व्यक्तिगत प्रयोगको लागि प्रदान गरिएको छ र बाँकी भएसम्म हरेक हप्ता हरेक कर्मचारीले एउटा मात्र लिन पाउनेछन् ।

## एन्टिजेन परीक्षणले हप्तै पिच्छे गर्नुपर्ने *PCR* परीक्षण आवश्यकतालाई हटाउँदैन ।

एन्टिजेन परीक्षण आवश्यक छैन । हामी एन्टिजेन परीक्षणलाई सबैले प्रयोग गर्नको लागि एउटा उपकरणको रूपमा प्रोत्साहन गर्दछौं, तरक्याम्पसका खोप नलगाएका सदस्यहरूले नियम पालना गर्न हप्तै पिच्छे *PCR* परीक्षण गर्नुपर्दछ । *PCR* परीक्षणको बारेमा go.wisc.edu/pcr-testing वेबसाईटमा थप पढ्नुहोला वा *QR* कोड *scan* गर्नुहोला:

अथवा खोप लगाएर हप्तै पिच्छे गर्नुपर्ने परीक्षणबाट छूत पाउन सक्नुहुन्छ । खोपहरू व्यक्तिगत सुरक्षा सुनिश्चित गर्न र हाम्रो समुदायकाधेरै सदस्यहरूका लागि गम्भीर रोगको जोखिम कम गर्न सुरक्षित, प्रभावकारी र नि:शुल्क माध्यम बनेका छन् । खोपहरू र बूस्टरखोपहरू क्याम्पसमा नि:शुल्क उपलब्ध छन् अथवा यदि तपाईंले क्याम्पस बाहिर खोप लगाउनुभएको छ भने, तपाईंले *UHS* लाईथाहा दिन सक्नुहुन्छ । go.wisc.edu/covid-19-vaccines वेबसाईटमा थप जानकारी हेर्नुहोला वा *QR* कोड *scan* गर्नुहोला:

थप जानकारी covidresponse.wisc.edu वेबसाईटमा उपलब्ध छ ।